# सूर्योदय नगरपालिकाको खानेपानी पाइप, जस्तापाता, विद्युत पोल, विद्युत तार र ग्याबिन जाली वितरण सम्बन्धी (प्रथम संशोधन) कार्यविधि,२०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।१०।१३

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको खानेपानी पाइप, जस्तापाता, विद्युत पोल, विद्युत तार र ग्याबिन जाली वितरण सम्बन्धी कार्यविधि, २०७९ लाई परिमार्जन तथा संशोधन गर्दै समयानुकूल र गतिशील बनाउन वान्छनीय भएकोले सूर्योदय नगरकार्यपालिकाद्वारा यो कार्यविधि तर्जुमा गरी लागु गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको खानेपानी पाइप, जस्तापाता, विद्युत पोल, विद्युत तार र ग्याबिन जाली वितरण सम्बन्धी कार्यविधि, (प्रथम संशोधन), २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

## परिच्छेद २ मा संशोधन:

मूल कार्यविधिको परिच्छेद- २ को दफा ३ को उपदफा (१) र (२) र दफा ४ हटाइएको छ र देहायबमोजिम संशोधन गरिएको छ।

## परिच्छेद – २

## खानेपानी पाइप माग, वितरण तथा कार्य सम्पन्न गर्ने सम्बन्धी व्यवस्था

३. **खानेपानी पाइप माग गर्ने प्रक्रिया:** (१) वडा कार्यालयको रोहबरमा उपभोक्ता समिति गठन गरेर मात्र खानेपानी पाइप माग गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम पाइप माग गर्दा देहायबमोजिम कागजातहरु अनिवार्य पेस गर्नुपर्नेछः

(क) उपभोक्ता समितिको निवेदन

(ख) टोल विकास संस्थाको सिफारिस पत्र

(ग) वडा कार्यालयको सिफारिस पत्र

(घ) प्राविधिक लागत अनुमान

(ङ) पाइप आवश्यक भएको स्थानको रङ्गीन तस्बिर

(३) खानेपानी पाइप प्राप्त भइ जडान भईसकेपछि वडा कार्यालयले देहायबमोजिमको कागजात नगर कार्यपालिकाको कार्यालयमा अनिवार्य पेस गर्नुपर्नेछः

(क) सम्बन्धित प्राविधिकले तयार गरेको कार्यसम्पन्न प्रतिवेदन

(ख) रङ्गिन तस्बिरहरु

(ग) खानेपानी पाइप जडान गर्दा र कार्यसम्पन्न पश्चात सम्बन्धित वडाको वडास्तरीय अनुगमन समितिले निर्धारित ढाँचाको प्रयोग गरी गरेको अनुगमन प्रतिवेदन

(घ) काम सम्पन्न भएको सिफारिस पत्र

(५) उपदफा (१) र (२) बमोजिम पाइप माग गर्दा र वितरण गर्दा प्राकृतिक प्रकोपबाट भएको क्षतिको अवस्थाबाहेक प्रत्येक आर्थिक वर्षको प्रथम चौमासिक समयभित्र मात्र खानेपानी पाइपको माग र वितरण गर्नुपर्नेछ।

(६) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सूर्योदय नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८० बमोजिम उपभोक्ता समितिले न्यूनतम लागत साझेदारीबापतको श्रमदान बेहोर्नुपर्नेछ।